# Seminar 2005

30th of April

## Sydney

**<u>२००४ माघ १९ को शाही घोषणा र नेपाली जनतामा यसको असर</u>**

गत अप्रिल ३० का दिन **नेपाल अष्ट्रेलिया प्रजातीान्त्रक मञ्चले माघ १९ को शाही घोषणा र नेपाली जनतामा यसको असर** (The Royal Proclamation of Feb 1 and it's Effect in Nepalese People) बिषयक एकदिने बिचार गोष्टिको आयोजना गरेको थियो । मञ्चका सल्लाहकार **श्री सुरेन्द्र सिग्देलको** संयोजकत्वमा संञ्चालित उक्त सेमीनारमा मानव अधिकारवा्दी कार्यकर्ता, अर्थविद्, व्यवसायी, तथा विभिन्न संघ संस्थाका प्रतिनिधिहरुले संवन्धित विषयमा आ आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।

सेमीनारमा बोल्दै कानुन व्यवसायी तथा मानव अधिकारवादी कार्यकर्ता **श्री चोलाकान्त भूसालले** भन्नुभयो संबिधान २०४७ मा त्रुटी छ, त्यसपछि नै विसंगतिहरुको सुरुभयो, संबिधानले जनताको जनमत लिनु पर्थ्यो जनमतबाट पारित हुनुपर्थ्यो, २०४७ सालमा राजा र आन्दोलनकारी शक्ति सन्तुलन भएको बेलामा त्यसको सदुपयोग गरिएन जसको फाइदा माओबादीले लियो नेपाली कांग्रेसले बहुमत पायो तर जनभाबना अनुरुप काम गर्न सकेन, आफुले निर्वाचनको वेलामा गरेको वाचा पुरा गर्न सकेन र एमालेले पनि सकेन त्यसैको मौका छोपी दरवार संसदिय प्रजातन्त्र असफल गराउने कुचेष्टामा लाग्यो माओवादी र दरवारको साझा उद्देश्य संविधानलाई असफल वनाउनु हो

माघ १९ गते घटना एउटा संवैधानिक कुरा हो र जसमा माओवादीहरु प्रमूख कारण बनेका छन् किनकी त्यसैको कारण देखाई राजाले आतंक नियन्त्रण गर्छु भनी आफ्नो कदमको औचित्य देखाई अन्तराष्ट्रिय जगतलाई आश्वासन दिएका छन् । सल्यानको भ्रमण गरी आउनु भएका श्री भुसालले माओवादीहरुले आफ्नो मुलुकी ऐन लागु गरेका र संघर्षका कारण त्यहाका जनताले भोग्नुपरेको कहालीलाग्दो दैनिक जीवनयापनको चर्चा गर्दै २०४६ साल अघिदेखिनै विभिन्न रुपधारी भ्रष्टाचारीहरुवाट नेपाली जनताहरु शोषित र पिडित छन् भन्नु भयो ।शक्तिको दृष्टिकोणवाट हेर्दा अहिले राजशक्ति र विद्रोही शक्ति समानान्तर स्थितिमा छन् र शान्तिकोलागि कुनै एउटाको हार जरुरी छ जुन छोटो समयमा होलाजस्तो देखिदैन ।

अर्का वक्ता नेपालमा प्राध्यापक तथा हाल सिड्नीमा अर्थशास्त्रमा अध्यायनरत **श्री रमेश पौडेल**ले आधा रोटी खान्छौं प्रजतन्त्र ल्यउछौं भन्ने जुन नाराका साथ २०४६ को आन्दोलन छेडिएको थियो त्यसवाट पनि थाहा हुन्छकी प्रजातन्त्र पश्चात् आउने सरकारको कुनै ठोस अर्थनिति छैन भनेर । प्राप्त राजनैतिक उपलब्धि पश्चात् राजनैतिक दलहरुले सामाजिक तथा आर्थिक सुधार तर्फ ध्यान दिन सकेनन् फलस्वरुप आर्थिक पछौटपनको असर हालको समस्याको एक कारण बनेको छ । पहिलो जननिर्वाचित प्रजातान्त्रिक सरकारले मल्लिक आयोगको शिफारिसलाई कार्यान्वयन गर्न सकेन भन्दै संविधानमा समयसापेक्ष परिवर्तन गर्न नसक्नु तथा प्रभावकारी नेतृत्वको अभावको कारण नै अहिलेको समस्याको प्रमुख जड हो भन्ने वहांको तर्क थियो ।

सेमिनारमा आफ्नो मन्तव्य व्यक्त गर्नुहुदै खुकुरी स्पोर्टस् क्लवकी प्रवक्ता **सुश्री प्रिया दर्शन पाण्डेले** विगतको १० वर्षमा राजनैतिक पार्टिहरुवाट व्यापक भ्रष्टाचार भएको, नेपाली कांग्रेसले चुनाव जित्नकोलागि सरकारी स्रोत र साधनका दुरुपयोग गरेको र नेपाली जनताले गुणस्तरयुक्त प्रजातन्त्र

देख्न नपाएको कुरा औंल्याउदै गत माघ १९ को राजाको कदम आवश्यक थियो र राजाको कदमलाई नराम्रो भन्नु भन्दा पहिले भ्रष्ट नेताहरुलाई तिनिहरुले गरेको भ्रष्टाचार र घुसखोरी ठिक थियो त भनेर सोध्नु जरुरी छ भन्नु भयो । राजाले केवल तीन वर्षको समय मागेकोले सो अवसर दिनुपर्ने वहांको राय थियो ।

गोष्ठिमा नेप्लीज अष्ट्रेलियन एशोसिएशनको तर्फबाट बोल्दै **सुश्री इन्द्रा बनले** गरिवी तथा अशिक्षाका कारण्ले गर्दा नेपाली जनताले प्रजातन्त्रको अर्थ बुझ्नपाएका छैनन् भन्दै देशमा जातपात, नातावाद, कृपावाद, घूसखोरी तथा भ्रष्टाचार हटाउनु पर्छ तवमात्र प्रजातन्त्र सफल हुन्छ भन्ने वहांको तर्क थियो ।

वर्ल्ड एजूकेशन एशिया प्यासिफिकका निर्देशक **श्री चिज कुमार श्रेष्ठ** सेमिनारका अर्का वक्ता हुनुहुन्थ्यो । माघ १९ अघि पनि नेपाली जनता खुशी थिएनन् । शिक्षण संस्थाहरु चल्नै नसक्ने अवस्थामा पुगेका थिए, विद्यालयहरु माओवादीहरुले आफ्नो स्वार्थमा प्रयोग गरेका थिए र वहुराष्ट्रिय संघ संस्थाहरु तथा दाता राष्ट्रहरुले आफ्नो सहायता निलम्वन गरेको वताउदै दश लाख भन्दा वढी नेपालीहरु आन्तरिक रुपमा घरवारविहिन हुन पुगेको र देशको मानव संसाधनको स्थिति दयनिय हुन पुगेको अवस्थामा माघ १९ गतेको कदम अपेक्षित थियो होला तर त्यसको लागि जुन तरिका अपनाइयो के यो विवाद रहित थियो त भन्ने प्रश्न गर्नु भयो । नागरिक समाज र राजनैतिक पार्टिहरु प्रजातन्त्रका दुई महत्वपूर्ण खम्बा हुन् भन्दै देशमा शान्ति स्थापनाको लागि दरवार, माओवादी तथा राजनैतिक पार्टिहरु एक हुनै पर्छ भन्ने वंहाको राय थियो ।

गोष्ठिमा आफ्नो मन्तव्य व्यक्त गर्ने क्रममा नेप्लीज अष्ट्रेलियन एशोसिएशनका महासचिव **श्री विवेक थापाले** जसरी मानव सभ्यताको विकास ढुङ्गे युगवाट आजको एक्काइसौं शताब्दीसम्म भएको छ त्यसरी नै राज्यसत्ता संञ्चालनको तौरतरिकामा पनि समयानुकूल परिवर्तन गरिनु अपरिहार्य छ भन्नु भयो। हाम्रो देशमा बहुदलिय प्रजातान्त्रिक व्यवस्थाको निरन्तरताको लागि नेपाली जनताको सक्रिय सहभागीता अत्यावश्यक छ भन्ने वंहाको टिप्पणी थियो । पारिवारिक झै झगडाको फाइदा उठाई देशमा राणा शासन आयो र १०४ वर्षसम्म तानाशाही शासन गरेकाले जनतामा राजनैतिक चेतनाको विकास हुन नपाएको कुरा उल्लेख गर्दै आजको युगमा तानाशाही राजतन्त्र व्यबहारिक छैन, देशको समस्या समाधान गर्छ भनी माघ १९ मा राजावाट चालिएको कदम असंवैधानिक मात्र होइन केवल दिवास्वप्न हो भन्दै २०४७ सालमा प्राप्त संविधानको निरन्तरता र वर्तमान समस्याको सहज निकासको लीग सवै पक्ष एउटा साझा विन्दुमा पुग्नु जरुरी छ भन्ने श्री थापाको भनाई थियो ।

गएको समय फर्केर आउदैन र विगतमा भएको भुलवाट शिक्षा लिई भविष्यलाई हेर्नु पर्छ भन्दै नेपाल अष्ट्रेलिया प्रजातान्त्रिक मञ्चका पुर्व महासचिव **श्री मन के. सी**. ले माघ १९ को कदमबाट राजाले राजनैतिक दलहरुको घांटी च्याप्ने काम भएको थियो जुन अहिले आंफैलाई घांडो सिद्ध भएको छ भन्नुभयो । हामी विदेशमै वसेर भएपनि देश र प्रजातन्त्रको आवाज उठाउनु पर्छ भन्दै सेमिनार आयोजकहरुलाई धन्यवाद ज्ञापन गर्नुहुदै देशलाई दूरदृष्टिपूर्ण नेतृत्वको खांचो भएको कुरा औंल्याउनु भयो । राजनैतिक दलहरु तथा त्यसका नेताहरुवाट विगतमा गरेका गल्तिहरुको आत्मालोचना गरिनु जरुरी छ भन्दै शाही नेपाली सेनाको मनोवल उच्च हुनुपर्ने कुरामा वहांले जोड दिनुभयो । वर्तमान समस्याको निकासको लागि संवन्धित सवै पक्ष एउटा सूरक्षित अवतरणको खोजीमा छन् जुन गोलमेच वैठकवाट मात्र संभव छ भन्ने वहांको राय थियो ।

इतिहांस देखिनै नेपाली जनता तथा राजनैतिक दलहरु माथि पटक पटक धोका दिने काम राजाबाट भएको छ भन्नुहुदै व्यवसायी तथा सेमिनारका अर्का वक्ता **श्री भवानी ओलीले** राजनैतिक पार्टीहरु तथा नेताहरु भ्रष्ट भएको मौका छोपी राजबाट माघ १९ को कदम चालियो जुन पुर्वनियोजित षड्यन्त्र थियो भन्ने वहांको तर्क थियो । नेमाली जनताबाट पनि नातावाद, कृपावदको अपेक्षामा नेताहरुलाई अल्मल्याउने काम भएको थियो भन्दै प्रजातन्त्रको संस्थागत विकासको दृष्टिकोणले १४ वर्षको छोटो समयमा यसको पूर्ण मुल्याङ्कन गर्न उपयुक्त नहुने वंहाको राय थियो । केही नेता तथा पार्टिहरु भ्रष्ट भएपनि सवै त्यो पंक्तिमा नभएको कुरा औंल्याउदै देशमा राजनैतिक स्थायित्वको लागि बहुदलीय संसदीय प्रजातान्त्रिक व्यवस्थानै सर्वोत्तम राजनैतिक व्यवस्था हो भन्ने श्री ओलीको दावी थियो । २००७ सालमा विदेशिएका राजालाई राजनैतिक पार्टीहरुले फर्काएर ल्याएको स्मरण गराउनुहुदै तिनै पार्दीहरुमाथि पटक पटक राजाबाट विश्वासघात भएको कुरा उल्लेख गर्नु भयो । हातहतियार मात्र नभएर बन्दुकमा राख्ने गोली पनि बिदेशी सहायताबाट किन्नु पर्ने जर्जर आर्थिक अवस्था भएको कुरा औंल्यउदै माघ १ को राजाको कदमको विरुद्धमा नेपाललाई आर्थिक तथा सैनिक सहायता रोकिएको अवस्थामा राजाको तीन वर्ष भित्र हालको समस्या समाधान गर्छु भन्ने आश्वाशनको विश्वास गर्ने आधार के छ त ? भन्ने वहांको प्रश्न थियो । नेताहरुले आफ्नो आत्मालोचना गरी आइन्दा विगतको जस्तो गल्ती नदाहोर्याउने वाचा गर्नु पर्ने, राजाले माघ १९ कदमबाट पछि हटी सुरक्षित राजनैतिक निकासको पहल गर्नुपर्ने वहांको माग थियो ।

सेमिनारको अन्त्यमा बोल्दै नेपाल अष्ट्रेलिया प्रजातीन्त्रक मञ्चका सभापती **श्री महेन्द्र कुमार लम्सालले** गत माघ १९ का दिन श्री ५ वाट चालिएका कदम संवैधानिक राजतन्त्र, बहुदलिय प्रजातन्त्र र दीर्घकालिन राजनैतिक स्थिरताको पक्षमा छैन भन्दै हाम्रो जस्तो मुलुकमा राजनैतिक स्थिरता र प्रजातन्त्रको संस्थागत विकासकोलागि सवैपक्षबाट सकारात्मक र रचनात्मक सहयोग अपरिहार्य छ भन्नुभयो। सिधा साधा जनतालाई झुक्याएर, शान्ति स्थिरता र विकासको क्षणिक प्रलोभन देखाएर देशको शासन हातमा लिने दूष्प्रयास जानी नजानी कसैबाट हुन्छभने जनताको शक्तिले एकपछि अर्को गर्दै त्यसलाई परास्त गर्दै जाने कुरा विश्वको इतिहांस हेर्दा प्रष्ट हुन्छ भन्दै विगतका शक्तिशाली राजनैतिक पार्टिहरुको आज यो गती हुनुको कारण यही हो भन्ने उदाहारण प्रस्तुत गर्नुभयो । यस संकटको घडीमा वाह्य हस्तछेप र आन्तरिक कलहवाट मुक्ति पाउन वर्तमान सरकार तथा विपक्षी संवैधनिक तथा असंवैधानिक शक्तिहरुलाई वार्ताको टेवलमा ल्याउन स्वयं राजाबाटै सहजकर्ताको भूमिका खेल्नु आवश्यक मात्र नभई अपरिहार्य छ भन्दै विपक्षिलाई दवाएरै समस्याको समाधान गर्ने निति लिइयोभने अमूल्य समय र जनशक्ति देशविकाशको मार्गमा लाग्नुको सट्टा विगतमा जस्तै पूर्णप्रजातन्त्र प्राप्तीको खातिर लाग्नुपर्ने स्थिती आउन सक्ने र जसको फलस्वरुप देश सम्पूर्ण रुपमा ( सामाजिक, आर्थिक र राजनैतिक) पछाडी धकेलिन सक्छ भन्ने वहांको तर्क थियो ।